म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३१८ २०८१ कार्तिक ४ गते आइतबार 20 October 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## गिरी मृत फेला

हेटौँडाः सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-८, केउरेनी स्याङबोखोरमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ६० वर्षीय मेघनाथ गिरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बुधबार गिरी घरबाट ५ सय मिटर पर बारीमा सडी गलेको अवस्थामा फेला परेका थिए । स्थानीयका अनुसार गिरी करिब ५/६ दिन अघिदेखि गाउँमा देखिएका थिएनन् । घरमा एक्लै बस्ने गरेका गिरीको शारीरिक अवस्था पूर्ण ठीक नभएको भन्ने बुझिएको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि मेलम्ची नगर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

# कार्यालय खुलेको पहिलो दिन शिक्षा, स्वास्थ्य र मालपोतका प्रमुख अनुपस्थित



*शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख अनुपस्थित रहनुहुँदा खाली कुर्सी ।*

समाज संवाददाता

हेटौँडाः दसैं विदापछि कार्यालय खुलेको पहिलो दिन असोज २९ गते मंगलबार शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख, जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख र मालपोत कार्यालय हेटौँडाका प्रमुख कार्यालयमा अनुपस्थित रहनुभएको छ । स्थानीय प्रशासनले कार्यालय खुलेको पहिलो दिन नै जनगुनासो नरहने गरी सेवा प्रवाह गर्न आग्रह गरिरहँदा कार्यालय प्रमुख नै अनुपस्थित हुनु अस्वभाविक देखिन्छ ।

कार्यालय प्रमुखको अनुपस्थितिले सम्बन्धित कार्यालयको सेवा प्रवाहमा कुनै असर नपरे पनि कार्यालय प्रमुख नै अनुपस्थित रहनुले भने कार्यालयको कार्यवातावरणमा भने नकारात्मक असर पर्ने देखिन्छ । कार्यालय प्रमुखको अनुपस्थितिले मातहतका कर्मचारीको कार्यसम्पादनमा समेत असर पर्ने अवस्था रहन्छ । कार्यालय प्रमुख अनुपस्थित रहेको कार्यालयका एक अधिकृतले भने, “कार्यालय प्रमुख नै नहुनुले पनि सेवाप्रवाहमा त समस्या हुने अवस्था छैन । तर, तपाइँहरुको चासो रतर्कअनुसार कार्यालय प्रमुख नै नहुँदा मातहतका कर्मचारीबाट हुन सक्ने बेवास्ता र कार्यालयको समग्र सेवा प्रवाहमा समस्या भने हुन सक्छ ।”

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले कार्यालयका मातहतका कर्मचारीलाई पूर्णिमापछि मात्रै हाजिर हुने जानकारी गराएर दसैं विदामा जानुभएको बुझिएको छ । प्रमुख गिरीसँग मोवाइलमा कुराकानी गर्दा पर्वकै कारण पूर्णिमा सकाएर मात्रै कार्यालय हाजिर हुने योजना रहेको बताउनुभयो । “कार्यालय खुलेको छ । साथीहरु हुनुहुन्छ । म पूर्णिमापछि आउँछु । आइतबारदेखि हाजिर हुन्छु”, गिरीले भन्नुभयो ।

यता मालपोत कार्यालयका प्रमुख भने रघुवंश कँडेल भने हालै रौतहट जिल्लास्थित मालपोत कार्यालयबाट सरुवा भएर आउनुभएको हो । उहाँ असोज २३ गते पहिलो पटक कार्यालय हाजिर भएर दसैं विदामा जानुभएको हो । उहाँले पनि मातहतका कर्मचारीलाई नै जिम्मेवारी दिएर जानु भएको हो । केही दिनमा आउने जानकारी गराउनुभएको मालपोत कार्यालयका अधिकारीले बताएका छन् ।

जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य प्रशासक कृष्णबहादुर मिजार पनि कार्यालय खुलेको पहिलो दिन कार्यालयमा अनुपस्थित रहनुभयो । दसैं विदामा भक्तपुरस्थित घर जानुभएका परियारको कात्तिक २ गते आमाको श्राद्ध भएकोले पीतृकर्म सकाएर कार्यालय हाजिर हुने जानकारी दिनुभयो । दसैं बिदाको २ दिनअघि जिल्लाको उत्तरी क्षेत्रका स्वास्थ्य इकाईको अनुगमन गर्दै भक्तपुर पुग्नुभएका मिजार दसैंपछि पनि कार्यालय खुलेको ५ दिनपछि मात्रै कार्यालय हाजिर हुनुहुनेछ । बाटोको समस्याका कारण घरबाट कार्यालय पुगेर फर्कन जोखिम भएकोले पीतृकर्म भ्याएर कार्यालय हाजिर हुने उहाँको भनाइ छ ।

## गुनासोरहित सेवा प्रदान गर्न प्रशासनको अनुरोध

हेटौँडाः दसैं विदापछि कार्यालय खुलेसँगै जिल्ला प्रशासन कार्यालय मकवानपुरले सेवाप्रदायक सरकारी कार्यालयहरुलाई जनताको गुनासारहित सेवाप्रवाह गर्न अनुरोध गरेको छ । असोज २९ गते मंगलबारदेखि कार्यालय सुचारु भएकै दिन प्रशासन कार्यालयले एक सूचना जारी गर्दै सेवाप्रवाहमा जनगुनासो नहोस भनी सचेत गराएको हो ।

“दसैं विदापछि सरकारी कार्यालयहरु खुला भई पूर्ववत् नियमित सेवा प्रवाहको कार्य भइरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ”, जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणराज प्रसाद न्यौपानेले जारी गर्नुभएको सूचनामा भनिएको छ, “जिल्लास्थित सबै सेवा प्रदायक सरकारी कार्यालयहरुले जनगुनासोरहित तवरले सेवा प्रवाहको प्रबन्ध मिलाउनु हुन समेत यसै सूचनामार्फत अनुरोध गरिन्छ ।”

कार्यालय सुचारु रहने नियमित कार्यतालिका नै भए पनि सेवाप्रदायकलाई जिम्मेवार बनाउन र सेवाग्राहीलाई सेवा लिन जान अझ विश्वस्त बनाउनका लागि सूचना प्रकाशित गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरका अधिकारीको भनाइ छ । चाडपर्व बिदा लगत्तै कार्यालयमा कर्मचारी उपस्थित नहुने, सेवा प्राप्त नहुने भन्ने नहोस् भनी सेवाग्राहीलाई सूचित र सेवाप्रदायकलाई सचेत दुबै गराइएको प्रशासन कार्यालयको आशय छ । दसैं विदापछि कार्यालय सुचारु भएसँगै बजार क्षेत्र र कार्यालयहरुमा चहलपहल बढेको छ ।

## मनहरीमा महिलामाथि सामूहिक बलात्कार, श्रीमान् पक्राउ


समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिकामा एक महिलामाथि सामूहिक बलात्कारको घटना भएको छ । ५० वर्षीया पीडितको जाहेरीका आधारमा उनको श्रीमानलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्याम अर्यालका अनुसार पीडित महिलाको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरिरहेको छ । बिहिबार राती ९ बजेको समयमा महिलामाथि सामूहिक बलात्कारको घटना भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पीडित महिलाको स्वास्थ्य परीक्षणको प्रारम्भिक प्रतिवेदनमा महिलामाथि सामूहिक बलात्कार भएको पुष्टि हुने अवस्था छ ।

शुक्रबार पीडितको उजुरीपछि प्रहरीले ६० वर्षीय श्रीमानलाई पक्राउ गरी ५ दिनको म्याद थप गरेर हिरासतमा राखेको छ । प्रहरीले घटनामा संलग्नको खोजी गरिरहेको जनाएको छ । पीडित महिलाको भनाइअनुसार २ जना किशोर घटनामा संलग्न रहेको प्रहरीको भनाइ छ । पीडितका श्रीमानसँग सोधपुछ गर्दा फरार रहेका दुई किशोरलाई आफूले नचिन्ने बताएको प्रहरीले जानकारी दिएको छ । पीडित महिलालाई हेटौँडास्थित सेफ हाउसमा राखिएको छ ।

### बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**




# मानवसेवा आश्रमको मेचि–महाकाली राष्ट्रिय उद्दार यात्रा सुरु



*उद्दार गरिएका व्यक्तिको सरसफाईमा खटिनुभएकी आनी छोइङ डोल्मा ।*

समाज संवाददाता

हेटौँडाः मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउण्डेशनको संयुक्त प्रयासमा मेचि-महाकाली राष्ट्रिय उद्दार अभियान सुरु भएको छ । असोज २७ गते आइतबारबाट सुरु भएको अभियान अन्तर्गत हालसम्म ६८ जनाको उद्दार गरिएको मानवसेवा आश्रमले जनाएको छ । उद्दार गरिएका मध्ये १५ महिला र ५३ पुरुष छन् ।

आइतबार उद्दार अभियानको घोषणा गरिएको थियो भने सोमबारबाट उद्दार कार्य सुरु गरिएको थियो । उद्दार कार्य सुरु गरिएको पहिलो दिन झापा जिल्लाबाट १० जना, दोस्रो दिन मोरङ जिल्लाबाट ६ जना, तेस्रो दिन सुनसरीबाट १२ जना, चौथो दिन उदयपुरबाट १६ जना, पाँचौं दिन सप्तरीबाट १३ जना र छैठौं दिन सिराहाबाट ११ जनालाई उद्दार गरिएको मानवसेवा आश्रमका अभियन्ता होमनाथ तिमल्सिनाले जानकारी दिनुभयो ।

उद्दार गरिएकाहरुलाई नजिकैको मानवसेवा आश्रमको प्रादेशिक तथा जिल्ला शाखाहरुमा राखिएको उहाँले बताउनुभयो । झापाको मेचि पुलबाट आइतबारबाट सुरु गरेको यात्राको टोली शनिबार जनकपुर पुगेको छ । सडकपेटी र सार्वजनिक स्थलमा कष्टपूर्ण जीवन बिताइरहेका सडक आश्रित सहयोगापेक्षीहरूको उद्दारका लागि मानवसेवा आश्रमले हरेक वर्ष मेचि-महाकाली राष्ट्रिय उद्दार यात्रा गर्दै आएको छ ।

यस वर्षको उद्दार अभियान करिब एक महिनासम्म चल्नेछ । मानवसेवा आश्रमले आउँदो वर्ष अर्थात् २०८२ साल भित्र नेपाललाई सडकपेटी र सार्वजनिकस्थलहरुमा कष्टपूर्ण जीवनयापन गर्नुपर्ने मानवरहित देश निर्माण गर्ने सङकल्प गरेको छ । उद्दार कार्यमा मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारी र आनी छोइङ डोल्मा फाउण्डेशनकी अध्यक्ष आनी छोइङ डोल्मासहित ४७ सदस्यीय टोली खटिएका छन् । मानव सेवा आश्रमले पहिलो वर्ष मेचि-महाकाली अभियानमा ७ सय ५८ जना र गत वर्ष ३ सय ४ जनालाई उद्दार गरेको थियो ।

श्री जनजागृति माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौँडा उपमहानगरपालिका-१५, रातोमाटे, मकवानपुर

अटोमोबाइल ईन्जिनियरिङ्ग विषयमा २४ महिने प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) मा नि:शुल्क प्रशिक्षणका लागि

**सुनौलो अवसर ! सुनौलो अवसर !! सुनौलो अवसर !!!**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)बाट अनुमति प्राप्त भई सञ्चालित, बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाबाट नि:शुल्क सञ्चालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको अप्रेन्टिशीप (औद्योगिक प्रशिक्षार्थी तालिम) कार्यमा शैक्षिक-सत्र २०८१/०८२ को भर्नाका लागि अवसर खुलेको हुनाले १६ वर्ष पुगेका र SEE वा सो सरहको योग्यता पुगेका व्यक्तिले आवेदन दिन सक्नेछन् । भर्ना कोटा संख्या सीमित भएकोले समयमै फारम भरी मौकाको फाइदा उठाउनुहोला ।

| औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालिम किन ? | आवेदन कहाँ र कसरी दिने ? | फारम भर्न चाहिने आवश्यक कागजातहरू । |
|---|---|---|
| १. प्रशिक्षार्थीले शिक्षालय र औद्योगिक प्रतिष्ठान दुबै स्थानमा सीप सिक्ने अवसर पाउने ।<br>२. पेसासँग सम्बन्धित दक्ष व्यक्तिसँगै रहेर काम गर्न पाउने ।<br>३. तालिमको अवधिमा नै आय आर्जन हुने र तालिमपश्चात रोजगारी निश्चित हुने ।<br>४. सफलतापूर्वक तालिम सम्पन्न गरेपछि प्रि-डिप्लोमा तहको प्रमाणपत्र पाइने । | १. विद्यालय प्रशासनमा सम्पर्क गरी आवेदन फारम भर्ने ।<br>२. फारम भर्ने समयावधि : २०८१/०७/०६ गतेसम्म ।<br>३. रीतपूर्वक भरिएको फारम विद्यालयमा बुझाउने<br>४ फारम भर्न तथा तालिम अवधिभर कुनैपनि शुल्क लाग्ने छैन । | १. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो ।<br>२. SLC/SEE मा सहभागिता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।<br>३. नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरह परीक्षा उतीर्ण गरेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रमाणित प्रतिलिपि । |

सम्पर्कः ९८४५०३०८७६ (प्राचार्य), ९८४१२०८९१९ (वि.व्य.स.अध्यक्ष), ९८६५२१००१६ (तालिम संयोजक), ९८४५२९७६२६ (कार्यक्रम संयोजक), ९८४५४६३११० (सूचना अधिकारी), ९८४६६९५७३१ (प्रशिक्षक), ९८५५०१२८७६ (विद्यालय)

**नोट**ः प्रशिक्षार्थीहरुलाई हाजिरी भएको दिन रु १००/- खाजा तथा भाडा भत्ता प्रदान गरिनेछ । एसईईमा ननग्रेडेड विद्यार्थीहरुले पनि अध्ययन गर्न पाउनेछन् । प्रशिक्षार्थीका लागि सात लाख रुपैयाँ बराबरको दुर्घटना बीमा र प्रत्येक वर्ष ३ हजार रुपैयाँ बराबरको पोशाक सुविधा समेत उपलब्ध हुनेछ ।

# सम्पादकीय

## व्यवसायी फेरि रुष्ट

हेटौंडा उपमहानगरपालिकाले व्यवसायीको मागलाई उपेक्षा गरेको छ । उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ का लागि वृद्धि गरेको विभिन्न शीर्षकका कर तथा राजश्व दर पुनरावलोकन गर्नुपर्ने व्यवसायीको माग पूरा भएन । उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि कर तथा राजश्वका विभिन्न शीर्षकमा २३० प्रतिशत वृद्धि गर्नुका साथै कतिपय नयाँ शीर्षकमा चर्को राजश्वको दर कायम गरेपछि व्यवसायी आन्दोलित भएका थिए । करवृद्धिको बिरोध गर्दै मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ मकवानपुरलगायत व्यावसायिक संघसंस्थाले व्यवसाय बन्दसम्मको आन्दोलन गरेपछि उपमहानगरपालिका र व्यवसायीबीच सहमति भएको थियो । कर तथा राजश्वको दर पुनरावलोकनका लागि विशेष नगरसभा गर्ने समझदारीपछि आन्दोलन रोकिएको थियो । व्यवसायीको मागबमोजिम उपमहानगरपालिकाले पटक-पटक विशेष नगरसभाको मिति तोके पनि गत बुधबार बसेको विशेष नगरसभाले कर तथा राजश्वको दर पुनरावलोकन नगर्ने निर्णय गरेपछि व्यवसायी रुष्ट बनेका छन् ।

व्यवसायीसँग कुनै छलफल तथा सहमतिबिना कर तथा राजश्वको दरमा व्यापक वृद्धि गरिएको भन्दै व्यवसायीले बिरोध गरेका हुन् । चालु आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा अघि कर तथा राजश्व वृद्धि गर्नुपर्ने भएमा राजश्व पुनरावलोकन समितिबाट निर्णय गराउनुपर्नेमा उपमहानगरपालिकाले कुनै निर्णय नगरेको व्यवसायीको दावी छ । उपमहानगरपालिकाले आर्थिक ऐनमा एक्कासी कर तथा राजश्वका दरहरु वृद्धि गरेकोले विशेष नगरसभाले कर वृद्धिको निर्णय खारेज गर्नुपर्ने अडान व्यवसायीको थियो । कोभिड-१९ पछि व्यावसायिक क्षेत्रमा आर्थिक मन्दीको अवस्था सिर्जना भइरहेको भन्दै साविककै कर तथा राजश्व कायम गर्न व्यवसायीको माग थियो । व्यवसायीको मागबमोजिम आर्थिक ऐनमा संशोधन गरेर कर तथा राजश्वको दरमा पुनरावलोकन गर्दा विनियोजन विधेयकमा समेत असर पर्ने भन्दै बुधबारको विशेष नगरसभाले संशोधन नगर्ने निर्णय गरेको छ ।

हेटौंडा उपमहानगरपालिकाको नगरसभाले पारित गरेको चालु आर्थिक वर्षको आर्थिक ऐनमा सबैजसो कर तथा राजश्वको दरमा वृद्धि गरेको थियो । उपमहानगरपालिकाले बहाल कर प्रयोजनका लागि न्यूनतम घरभाडा दरमा २५ देखि ५० प्रतिशतसम्म वृद्धि गरेको थियो । ड्राइक्लिनर्स र सुपरमार्केटको व्यवसाय कर क्रमश: १३३ र १५० प्रतिशत वृद्धि गरेको थियो । यस्तै, थोक तथा खुद्रा बिक्रेता, कोल्डड्रिंक्स र बेकरी, मोटरसाइकल सर्भिस, कम्प्युटर, मोबाइल तथा फोटोकपी मर्मत, डिपार्टमेन्ट स्टोरलगायतको व्यवसाय करमा शतप्रतिशत वृद्धि गरिएको छ ।

उपमहानगरपालिकाको विशेष नगरसभाले चालु आर्थिक वर्षको आर्थिक ऐनमा कुनै संशोधन नगर्ने निर्णय गरे पनि आगामी आर्थिक वर्षमा पुनरावलोकन गर्ने संकल्प प्रस्ताव पारित गरेर व्यवसायीलाई फकाउने प्रयत्न गरेको छ । अर्थतन्त्रमा आएको मन्दीले व्यवसायी प्रभावित भइरहेका बेला करको दर बढ्नुले व्यवसायी अझ बढी आक्रोशित बनेका हुन् । व्यवसायीको आन्दोलन चरम बन्दै गएपछि गत साउन २८ गते करको दर संशोधन गर्ने, साविककै दर कायम गर्ने भनी लिखित सहमति समेत गरेको हेटौंडा उपमहानगरपालिकाले अन्तत: करको दरलाई नघटाउने स्थितिमा पुग्नुले व्यवसायीले ठूलो धोका भएको महसुस गरेका छन् । अझ लिखित सम्झौता गरेर कार्यान्वयनमा गम्भीर नहुनुले स्थानीय सरकारको विश्वसनीयतामाथि नै प्रश्न उठेको छ ।

व्यवसायीलाई सुविधा तथा सहुलियत दिनुपर्नेमा करको दर र दायरा बढाएपछि व्यापार व्यवसायमा नकारात्मक असर पर्ने निश्चित छ । आफूहरुको माग सम्बोधन नभएको भन्दै व्यवसायी उपमहानगर नेतृत्वप्रति रुष्ट भएका हुन् । व्यवसायीले उपमहानगरको निर्णयविरुद्ध बैठक बसेर निर्णय गर्ने बताइरहँदा पुन: विरोधका कार्यक्रम अघि सार्ने सम्भावना देखिन्छ । स्थानीय सरकारले यो व्यवसायीसँगको विवादलाई आर्थिक पाटोबाट मात्रै हेरिरहेको देखिन्छ । वास्तवमा यो आर्थिक पाटो मात्रै नभई स्थानीय सरकार अभिभावकको भूमिकामा रहनुपर्ने विपरित भएको भनी व्यवसायी, नगरवासी उपमहानगरसँग रुष्ट मात्रै नभई आगामी दिनमा हालका नेतृत्वलाई ठूलो मूल्य चुकाउने स्थितिमा समेत पुग्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : आकस्मिक धनलाभ रहने समय छ । |
| **वृष** | : जीवनसाथीको सहयोगले काममा पूर्णता । |
| **मिथुन** | : अध्ययन अध्यापनमा समय व्यतित । |
| **कर्कट** | : वादविवादले आँच आईपर्न सक्छ । |
| **सिंह** | : मुटु, पेट र रगत सम्बन्धी समस्या योग । |
| **कन्या** | : व्यापार-व्यवसाय दुवैबाट लाभ प्राप्त । |
| **तुला** | : स्वास्थ्य ठिकै तर मानसिक तनाव योग । |
| **वृश्चिक** | : सामाजिक क्षेत्रबाट लाभ प्राप्त योग । |
| **धनु** | : जीवन साथीको स्वास्थ्यमा आँच आउला । |
| **मकर** | : व्यापार-व्यवसायमा मध्यम कारक देखिन्छ । |
| **कुम्भ** | : चौतिक वस्तुको लाभ प्राप्त होला । |
| **मीन** | : धार्मिक क्षेत्रमा सफल रहने योग छ । |

# 'सामाजिक र आर्थिक समृद्धिका लागि नेपाललाई विकास गर्ने उपायहरु'



✍निश्चल अधिकारी

**प्रस्तावना** : नेपाल, एक हिमालयन देश, प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण छ। यसका सुन्दर पहाड, नदिहरु, र धार्मिक विविधता यसलाई विशिष्ट बनाउँछन्। तर, नेपालले विकासको क्षेत्रमा विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ । शिक्षा, स्वास्थ्य, कृषि, र पूर्वाधार जस्ता क्षेत्रमा सुधारको आवश्यकता छ। यस लेखमा, नेपाललाई विकास गर्ने विभिन्न उपायहरुको विस्तृत चर्चा गरिनेछ र विकासमा प्रभाव पार्ने कारकहरुको गहन अध्ययन गरिनेछ ।

**१. शिक्षा सुधार** : शिक्षा विकासको आधार हो, र यसमा सुधार ल्याउनका लागि आवश्यक उपायहरु निम्नलिखित छन् :

गुणस्तरीय शिक्षा: सरकारी विद्यालयहरुको गुणस्तरमा सुधार गर्न शिक्षकहरुको नियमित तालिम र पाठ्यक्रमको अद्यावधिक आवश्यक छ । शिक्षामा गुणस्तरीयता बढाउन, शिक्षकहरुको योग्यता र दक्षता सुनिश्चित गर्नुपर्छ। विशेषगरि ग्रामीण विद्यालयहरुमा गुणस्तरमा सुधारका लागि स्थानीय स्रोत र साधनको सदुपयोग गर्नुपर्छ ।

प्राविधिक र व्यावसायिक शिक्षा: युवाहरूलाई व्यावसायिक सीप र तालीममा प्रशिक्षित गरेर रोजगारीको अवसरहरू वृद्धि गर्नुपर्छ। यस्ता तालिम केन्द्रहरुको स्थापना गर्न र तिनीहरूलाई प्रोत्साहन गर्न सरकारले विशेष ध्यान दिनु आवश्यक छ।

समान पहुँच : दुर्गम र ग्रामीण क्षेत्रका विद्यार्थीहरुको लागि विशेष छात्रवृत्तिहरु र सहुलियत उपलब्ध गराउनु पर्नेछ । यसमा, अनलाइन शिक्षा र डिजिटल शिक्षा प्लेटफर्महरूको विकास महत्वपूर्ण हुनेछ।

शिक्षा प्रणालीमा सुधार : शिक्षा प्रणालीलाई व्यावहारिक र प्रासंगिक बनाउन पाठ्यक्रममा सुधार आवश्यक छ। विद्यालय स्तरमा, बालबालिकाहरुलाई सोच्न र समस्या समाधान गर्नका लागि उत्साहित गर्न विभिन्न गतिविधिहरु र खेलहरुको प्रयोग गर्नुपर्छ ।

**२. कृषि विकास** : कृषि नेपालको अर्थतन्त्रको मुख्य आधार हो । यसलाई सुधार गर्नका निम्न उपायहरु अपनाउनुपर्छ :

आधुनिक कृषि प्रविधि : नयाँ र आधुनिक प्रविधिहरूको प्रयोग गरेर कृषि उत्पादनमा वृद्धि गर्न आवश्यक छ। यसका लागि, कृषकलाई तालिम र औजारहरुको उपलब्धता सुनिश्चित गर्नु पर्नेछ ।

कृषकहरूको सशक्तीकरण : कृषक समूहहरुको गठन गरेर उनीहरुको उत्पादन क्षमता वृद्धि गर्नका लागि तालिम र संसाधनको उपलब्धता अनिवार्य छ । यसले कृषकहरुको आम्दानीमा वृद्धि र समग्र विकासमा मद्दत गर्नेछ ।

बजार पहुँच : कृषि उत्पादनको लागि उचित मूल्य सुनिश्चित गर्न बजार पहुँचमा सुधार आवश्यक छ । स्थानीय बजारमा उत्पादन बेचनका लागि उचित च्यानलहरुको विकास गर्नुपर्छ ।

कृषि अनुसन्धान र विकास : कृषि क्षेत्रमा अनुसन्धानमा लगानी गरेर नयाँ बालीको विकास र रोग नियन्त्रणमा सहयोग गर्नुपर्छ । यसले उत्पादनको वृद्धि र खाद्य सुरक्षा सुनिश्चित गर्नेछ ।

**३. पर्यटन प्रवर्धन** : नेपालको प्राकृतिक र सांस्कृतिक सम्पदा विश्वभर प्रसिद्ध छ । पर्यटन प्रवर्धन गर्नका निम्न उपायहरु अपनाउनुपर्छ :

पूर्वाधारको विकास : सडक, होटल, र संचार नेटवर्कमा सुधार गरेर पर्यटकहरुको अनुभव वृद्धि गर्नुपर्छ । प्रमुख पर्यटकीय स्थलहरुमा उचित सेवा र सुविधाहरु उपलब्ध गराउन महत्वपूर्ण छ ।

प्रवर्धन र प्रचार : विभिन्न अन्तर्राष्ट्रिय मेलाहरुमा नेपालको पर्यटन सम्भावनाबारे जानकारी प्रदान गर्नुपर्छ ।

साँस्कृतिक पर्यटन : नेपालको साँस्कृतिक धरोहर र परम्परागत रीतिरिवाजलाई प्रवर्धन गरेर पर्यटकहरुको चासो बढाउन सकिन्छ।

पर्यटक सुरक्षा : पर्यटकहरुको सुरक्षा र स्वास्थ्यको ध्यान राख्नका लागि उचित व्यवस्था गर्नुपर्छ ।

**४. सूचना प्रविधिको विकास** : सूचना प्रविधि अहिलेको युगको अनिवार्य आवश्यकता हो। नेपालमा सूचना प्रविधिको विकास गर्नका लागि निम्न कदमहरू चालेका जानुपर्छ :

इंटरनेट पहुँचको विस्तार : ग्रामीण र दुर्गम क्षेत्रहरुमा इन्टरनेट पहुँच वृद्धि गर्नका लागि आधारभूत संरचना विकास गर्नुपर्छ।

डिजिटल साक्षरता : विद्यालय र समुदाय स्तरमा डिजिटल साक्षरतामा सुधार गर्नका लागि प्रशिक्षण र कार्यशालाहरु आयोजना गर्नुपर्छ।

स्टार्टअप्स र इनोवेशन : प्रविधिमा आधारित स्टार्टअप्सको विकास गर्न र उद्यमशीलताको प्रवर्धनमा ध्यान दिनु आवश्यक छ ।

सरकारी सेवाहरुको डिजिटाइजेसन : सरकारी सेवाहरुको डिजिटाइजेसनले पारदर्शिता र कार्यक्षमता वृद्धि गर्दछ ।

**५. स्वास्थ्य सेवा सुधार** : स्वास्थ्य सेवा नेपालको विकासका लागि अत्यन्त आवश्यक छ। स्वास्थ्य सेवामा सुधार ल्याउनका लागि निम्न उपायहरु आवश्यक छन् :

स्वास्थ्य पूर्वाधारको विकास : अस्पताल र स्वास्थ्य केन्द्रहरूको संरचना र सेवामा सुधार गर्नुपर्छ ।

जनस्वास्थ्यका कार्यक्रमहरु : रोग नियन्त्रण र स्वास्थ्य शिक्षा कार्यक्रमहरुको प्रवर्धन गर्नुपर्छ ।

स्वास्थ्यकर्मीहरुको तालिम : स्वास्थ्यकर्मीहरुको तालिममा सुधार गर्न र तिनीहरुलाई नयाँ उपचार विधिहरुमा प्रशिक्षित गर्नुपर्छ ।

स्वास्थ्य बीमा : स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नका लागि स्वास्थ्य बीमा योजनाहरुको विकास गर्नुपर्छ ।

**६. पूर्वाधार विकास** : पूर्वाधार विकासले नेपालको आर्थिक वृद्धिमा महत्वपूर्ण भूमिका खेल्छ । यसका लागि निम्न उपायहरु अपनाउनुपर्छ :

सडक र पुलको निर्माण : सडक र पुलहरुको निर्माण र मर्मतका लागि बजेटमा प्राथमिकता दिनुपर्छ ।

ऊर्जा उत्पादनमा वृद्धि : जलविद्युत र अन्य नवीकरणीय ऊर्जा स्रोतहरूको विकासमा ध्यान दिनुपर्छ ।

संविधानको कार्यान्वयन : स्थानीय स्तरमा विकासका लागि संविधानको सही कार्यान्वयनमा ध्यान दिनु आवश्यक छ ।

नेपाललाई विकास गर्नका थप उपायहरु :

नेपालको विकासमा थप योगदान पुऱ्याउन सक्ने उपायहरूमा निम्नलिखित समावेश छन् :

**क. उद्योग र व्यापारको प्रवर्धन** : स्थानीय उद्योगको विकास : परम्परागत उद्योगहरुलाई प्रवर्धन गरेर रोजगार सिर्जना र स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउनुपर्छ।

नवीनतम प्रविधिहरुको प्रयोग : उद्योगहरुमा नवीनतम प्रविधिहरुको प्रयोग गरेर उत्पादन र कार्यक्षमता वृद्धि गर्न महत्वपूर्ण छ ।

**ख. जलवायु परिवर्तन र वातावरण संरक्षण** : सतत विकासका उपायहरु : जलवायु परिवर्तनसँग जुध्नका लागि सतत विकासका उपायहरु अपनाउनुपर्छ। यसमा नवीकरणीय ऊर्जा स्रोतको प्रयोग र वृक्षारोपण समावेश गर्नुपर्छ ।

पर्यावरणीय शिक्षा : जनतालाई पर्यावरणीय सचेतना र शिक्षा प्रदान गरेर वातावरणको संरक्षणमा सहयोग पुऱ्याउन महत्वपूर्ण छ ।

**ग. लैंगिक समानता** : महिला सशक्तीकरण: महिलाहरुको शिक्षा र रोजगारका अवसरहरुमा सुधार ल्याउने प्रयास गर्नुपर्छ।

लैंगिक हिंसाको नियन्त्रण : लैंगिक हिंसाबिरुद्ध सख्त कानूनी व्यवस्था र जागरुकता कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ।

**घ. समावेशी विकास** : सामाजिक समावेशीता : सबै जाति, समुदाय र लिङ्गका व्यक्तिहरुलाई विकास प्रक्रियामा सहभागी गराउनु पर्छ ।

समान अवसरको सुनिश्चितता : विकासका अवसरहरु सबैलाई समान रुपमा उपलब्ध गराउन विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ ।

नेपालको विकासमा प्रभाव पार्ने कारकहरु :

नेपालको विकासमा विभिन्न कारकहरु प्रभाव पार्छन् :

१. भौगोलिक चुनौतीहरू : नेपालमा पहाडी र हिमाली भूगोलले विकासका प्रयासहरुलाई कठिन बनाउँछ ।

२. आर्थिक निर्भरता : नेपालको अर्थतन्त्र कृषि र विदेशी श्रममा निर्भर छ, जसले दीर्घकालीन विकासमा समस्या निम्त्याउँछ ।

३. राजनीतिक अस्थिरता : राजनीतिक अस्थिरता र भ्रष्टाचारले विकासका योजनाहरुलाई अवरुद्ध पार्छ ।

४. सामाजिक असमानता : जातीय र लैंगिक असमानता विकासमा बाधक बनेको छ ।

५. विकासका लागि लगानीको कमी : पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवामा पर्याप्त लगानीको कमीले विकासलाई अवरुद्ध पार्छ ।

६. प्राकृतिक प्रकोप : भूकम्प, बाढी र अन्य प्राकृतिक प्रकोपले नेपालमा विकासका प्रयासलाई धेरै चोट पुऱ्याएको छ ।

**निष्कर्ष**

नेपाललाई विकास गर्नका लागि शिक्षा, कृषि, पर्यटन, सूचना प्रविधि, स्वास्थ्य सेवा, र पूर्वाधार जस्ता क्षेत्रमा सुधार आवश्यक छ । यी सबै क्षेत्रहरुमा समन्वय र सहकार्य अनिवार्य छ ।

आगामी कदमहरुमा संविधानको कार्यान्वयनमा गम्भीरता, नागरिकको सहभागिता, अवसरहरुको समान वितरण, विदेशी लगानीको आकर्षण, र सतत विकास लक्ष्यहरुको पालन महत्वपूर्ण छन् ।

# बच्चामा पिसाब संक्रमण देखिए के गर्ने ?



✍डा. रीता सिंह हमाल

पिसाब बनाउने, भण्डारण गर्ने तथा शरीरबाट बाहिर निकाल्न मद्दत गर्ने जुनसुकै अंगमा भएको संक्रमणलाई पिसाब संक्रमण भनिन्छ। यो समस्याले सबैभन्दा बढी महिलालाई सताउँछ।

तर आजभोलि यो समस्या बच्चामा पनि देखिरहेको छ। बच्चामा पनि बालिकामा यो समस्या बढी देखिएको पाइन्छ।

यस्तोमा बच्चामा पिसाब संक्रमण हुँदा उनीहरुलाई देखिने गरी गम्भीर लक्षण देखिसकेपछि मात्र अभिभावकले थाहा पाउँछन्। किनकि उनीहरुले आफूमा के भइरहेको छ भनेर भेउ पाउँदैनन्। तसर्थ, अभिभावकले नै उनीहरुको स्वास्थ्यबारे सचेत हुनैपर्छ।

### बच्चामा पिसाब संक्रमण देखिने कारण

विशेषगरी ई-कोलाई नामक जीवाणुका कारण पिसाबमा संक्रमण हुन्छ। पिसाब आफैंमा जीवाणु हुँदैन। तर मलद्वार नजिकको संक्रमित छालाबाट सजिलै उक्त जीवाणु मूत्र प्रणालीमा प्रवेश गर्छ। मूत्रथैलीमा पिसाब केहीबेर थेग्रेर बस्दा पनि त्यहाँ ब्याक्टेरियाले उम्रिन सक्ने उपयुक्त वातावरण पाउँछ।

संक्रमण हुनुमा विभिन्न पक्ष जिम्मेवार हुन्छन्। डाइपरको गलत प्रयोगले पनि बच्चामा संक्रमण देखिन्छ। कस्तो अवस्थामा ? जब बच्चालाई लगाइदिएको डाइपर परिवर्तन गरिंदैन। परिवर्तन नगर्दा पटक-पटक पिसाब गर्दा ब्याक्टेरिया डाइपरमै विकास हुन्छ। यसले संक्रमण गराउने सम्भावना उच्च हुन्छ।

स्कुले बालबालिकामा भने पिसाब आउने बित्तिकै नफर्किने वा फेर्ने वातावरण नभई घण्टौंसम्म रोकेर राख्ने, बालिकाको दिसा धुँदा हात पछाडिबाट अगाडि लैजानु, प्रशस्त पानी नपिउने, बालकको लिंगको टुप्पोको मासु पछाडि फर्किएको हुनु र अन्डरवेयर दैनिक परिवर्तन नगर्दा पिसाब संक्रमण हुनसक्छ।

कहिलेकाहीं बनावटकै कारणले पनि पिसाब संक्रमण हुनसक्छ। जस्तो कि मूत्र वाहिनी र मूत्रथैली सानो हुनु। आमामा पिसाब संक्रमण भइराख्ने समस्या भएमा सन्तानलाई हुनसक्ने जोखिम रहन्छ। बनावट सम्बन्धी समस्या विरलै देखिन्छ।

### लक्षण

पिसाब पोल्नु, गन्हाउनु, थोरै आउने तर पटक-पटक आउनु जस्ता लक्षण सुरुवातमा देखिन्छ भने अवस्था गम्भीर हुँदा ती लक्षण सहित ज्वरो आउने, आलस्य हुने जस्ता लक्षण देखिन्छ। किशोरावस्थामा भने तल्लो पेट र कम्मर पनि दुख्ने लक्षण हुनसक्छ।

संक्रमण भएको लामो समय भए पिसाबमा रगत समेत देखा पर्न सक्छ। मिर्गौलासम्म पुगेको संक्रमणमा भने बच्चालाई अत्यधिक काम ज्वरो आउने, आमाको दूध खान नरुचाउने, वाकवाकी लाग्ने, बान्ता गर्ने लगायतका लक्षण देखिन्छ।

### पहिचान तथा उपचार

यसको लक्षण देखिएपछि युरोलोजिस्ट चिकित्सा विभागमा परीक्षण गराउनुपर्छ। सम्भवत: लक्षणबाटै यसको संक्रमणको अनुमान गरिन्छ।

पिसाबमा वास्तविक संक्रमणको स्थिति पत्ता लगाउन प्रयोगशालामा पिसाबको सामान्य तथा माइक्रोस्कोपिक जाँच र कल्चर गरिन्छ। संक्रमण पत्ता लागेपछि आवश्यकअनुसार उपयुक्त एन्टिबायोटिक दिइन्छ।

उपचारपछि पनि एकपटक पिसाब कस्तो छ भनेर पुन: हेरिन्छ।

पिसाबमा संक्रमण हुँदैमा मिर्गौलासम्बन्धी गम्भीर समस्या देखिन्छ ?

पिसाब संक्रमण हुने बित्तिकै मिर्गौलामा समस्या देखिंदैन। यसको उपचारपछि ठीक हुन्छ।

तर लक्षण देखिंदा देखिंदै उपचार भएन र महिनैपिच्छे पटक-पटक संक्रमण भएमा मिर्गौलाको दीर्घ समस्या हुनसक्छ। उपचार गर्न जति ढिला भयो त्यति संक्रमण मूत्र वाहिनी हुँदै मिर्गौलातर्फ जाने गर्छ।

मिर्गौला र मूत्र वाहिनीको संक्रमण हुनु भनेको जटिल स्थिति होरु। यसको बेलैमा उपचार नगरिए मिर्गौला फेल हुनेदेखि लिएर अन्य अंगमा असर गरी अवस्था गम्भीर हुनसक्छ।

### कसरी बच्ने ?

**- प्रत्येक पटक दिसा, पिसाब गरेपछि मूत्र प्रणालीको बाहिरी अंग सानो बच्चा भए अभिभावकले र बच्चा आफैं गर्न सक्ने भए राम्ररी सफा गर्न लगाउने ।**

**- पिसाबसम्बन्धी समस्या देखिने बित्तिकै विशेषज्ञलाई देखाउने ।**

**- आृना बालबालिकालाई पिसाब रोक्न हुँदैन भनेर सिकाउने ।**

**- प्रशस्त पानी तथा झोलिलो खानेकुरामा जोड दिने ।**

**- बच्चाको पिसाब कस्तो छ भनेर बेलाबखतमा हेर्ने ।**

**- डाइपर पटक-पटक परिवर्तन गरिदिने ।**

**- भित्री वस्त्र सुतीको प्रयोग गराउने ।**

*(स्रोत: अनलाईनखबर)*

## बागमती प्रदेश प्रहरीले मनायो ६९ औं प्रहरी दिवस

# विपद् व्यवस्थापनतर्फ एसपी खड्का सम्मानित



उत्कृष्ट विपद् व्यवस्थापकतर्फ जिल्ला प्रहरी काभ्रेका प्रहरी उपरीक्षक बसुन्धरा खड्कालाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले ६९ औं प्रहरी दिवस-२०८१ विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ। गत मंगलबार र बुधबार दुई चरणमा विभिन्न कार्यक्रम गरी प्रहरी दिवस मनाएको हो ।

प्रहरी दिवस समारोहलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश सरकारको स्थापनासँगै प्रदेशको शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारीमा प्रदेश प्रहरीले काम गर्दै आइरहेको बतानउनुभयो । उहाँले प्रदेश प्रहरीलाई प्रभावकारी एवम् व्यवस्थित बनाउन सरकारले अभिभावकको भूमिका निर्वाह गर्दै आइरहेको पनि बताउनुभयो । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री सुरज चन्द्र लामिछानेले प्रहरीको साहस, लगनशीलता र समर्पणले नै सबैको हरेक क्षण सुरक्षित भएको बताउनुभयो ।

बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कृष्ण हरी शर्माले प्रदेशको शान्ति सु-व्यवस्थालाई मजबुत बनाउने कार्यमा बागमती प्रदेश सरकारबाट विभिन्न तवरबाट सहयोग पाइरहेको बताउनुभयो । पछिल्लो समयमा प्रदेश सरकार लगायतका विभिन्न निकायबाट प्रहरीको दैनिक कार्य सम्पादनलाई सहज र व्यवस्थित बनाउने एवम् प्रदेशको शान्ति सुरक्षालाई मजबुत बनाउने सबैलाई उहाँले धन्यवाद दिनुभयो ।

पहिलो दिन मंगलबार श्रद्धाञ्जली कार्यक्रम र मृतक प्रहरीका परिवारलाई सम्मान कार्यक्रम गरी दिवस मनाइएको प्रदेश प्रहरीले बुधबार विभिन्न विधामा उत्कृष्ट हुने, खेलकुद कार्यक्रममा उत्कृष्ट हुनेहरु र पुर्व प्रहरीलाई पुरस्कृत गरिएको थियो । पुरस्कृत हुनेहरुमा उत्कृष्ट अनुसन्धानकतातर्फ काभ्रेस्थित इलाका प्रहरी कार्यालय मंगलटारका प्रहरी निरीक्षक कृष्ण गिरी, उत्कृष्ट विपद् व्यवस्थापकतर्फ जिल्ला प्रहरी काभ्रेका प्रहरी उपरीक्षक बसुन्धरा खड्का र काभ्रे जिल्लास्थित ईलाका प्रहरी कार्यालय देविटारका प्रहरी हवल्दार शम्भु बोहरा, उत्कृष्ट प्रहरी कार्यतर्फ हेटौँडास्थित प्रहरी चौकी रातोमाटेका प्रहरी हवल्दार सुरेन्द्र साह, उत्कृष्ट वाह्य प्रशिक्षकको रुपमा बागमती प्रदेश प्रहरी तालिम केन्द्र दुधौलीका प्रहरी सहायक निरीक्षक कर्ण बहादुर तामाङ र उत्कृष्ट प्राविधिक जिल्ला प्रहरी कार्यालय काभ्रेमा कार्यरत प्रहरी सहायक निरीक्षक नवराज कार्की सम्मानित हुनुभएको छ ।

यस्तै नेपाल प्रहरी कार्यदक्षता मूल्याङ्कन २०८१ मा जिल्ला प्रहरी कार्यालय सिन्धुलीको नागरिक सहायता कक्षको उत्कृष्ट व्यवस्थापन गर्ने प्रहरी उपरीक्षक गोविन्द राज काफ्ले र सिन्धुलीको गोलन्जोर गाउँपालिका-७ स्थित नेपाल प्रहरी संगठनको सेवा प्रवाहलाई सरल, सहज र प्रवाहलाई प्रभावकारी बनाउन पुऱ्याएको योगदानको कदर गर्दै रवि आचार्यलाई प्रशंसा पत्र प्रदान गरिएको छ । यस्तै नेशनल गोल्ड टेलिभिजन हेटौंडाका प्रबन्ध निर्देशक उज्वल चौलागाई, टिम टिभीका प्रमुख रामशरण दुलाल, सिन्धुलीका पूर्वप्रहरी निरीक्षक राम बहादुर हायू र मकवानपुरका पूर्व प्रहरी सहायक निरीक्षक रामसिंह तामाङलाई कदरपत्र प्रदान गरिएको छ । यस्तै बागमती प्रदेश प्रहरीस्तरीय फूटबल, भलिबल, टेवलटेनिस, क्रिकेट, बास्केट बल, डोरीतान र ब्याडमिन्टन प्रतियोगितामा प्रथम तथा द्वितीय हुने प्रहरी कर्मचारीहरुलाई पुरस्कार वितरण गरिएको छ ।

## केदारेश्वर मन्दिरको अध्यक्षमा भण्डारी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित केदारेश्वर महादेव मन्दिर संरक्षण समितिको प्रथम वार्षिक साधारण सभा तथा अधिवेशन शनिबार सम्पन्न भएको छ । समितिका अध्यक्ष माधव अधिकारीको अध्यक्षता तथा वडा अध्यक्ष सुकराम केसीको प्रमुख आतिथ्यमा सम्पन्न साधारण सभाले नयाँ कार्यसमिति चयन गरेको छ ।

साधारण सभाबाट कृष्णप्रसाद भण्डारीको अध्यक्षतामा नयाँ कार्यसमिति समेत सर्वसम्मत चयन भएको छ । समितिको उपाध्यक्षमा सिमा बराल, सचिवमा मेघराज घिमिरे, कोषाध्यक्ष प्रभा बराल र सदस्यहरुमा मन्जु सुवेदी, बिजय अधिकारी, कल्पना बस्नेत, तारा प्याकुरेल आवद्ध हुनुहुन्छ ।

साधारण सभाले संस्थाका कोषाध्यक्ष गोकुल पौडेलद्वारा प्रस्तुत आय-व्यय सर्वसम्मत पारित गरेको छ । संस्थाको विधानसमेत संशोधन गरेको थियो । कार्यक्रममा मन्दिरको उन्नति प्रगतिमा योग्दान पुऱ्याउनु हुने विभिन्न व्यक्तिहरुलाई सम्मान गरिएको थियो ।

## लडेर लक्ष्मीको मृत्यु अचेत सन्दिपको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-११, नौरङगेमा आफै घरमा लडि मृत्यु भएको छ। मृत्यु हुनेमा ६८ वर्षीया लक्ष्मी थापा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बिहीबार राती ९ बजेर ३० मिनेटको समयमा थापा आफै घरमा एक्कासी लडि घाइते भएकी थिइन्। घाइते थापालाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा राति १० बजेर ३५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै भरतपुर महानगरपालिका-२, क्षेत्रपुर मेलमिलाप टोलमा अचेत अवस्थामा फेला परेका ३२ वर्षीय सन्दिप रत्न खड्कीको मृत्यु भएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारी अनुसार बुधबार बेलुकी खाना खाई सुतेका खड्की बिहीबार बिहान अचेत अवस्थामा फेला परेका थिए। सन्दिपलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा बिहीबार बिहान ७ बजेर ४५ मिनेटको समयमा डाक्टरले मृत घोषणा प्रहरीले जानकारी दिएको छ।

## प्रहरी दिवसमा अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण



अमर प्रहरी परिवारलाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः ६९ औं प्रहरी दिवस २०८१ को अवसरमा मंगलबार अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडामा मंगलबार बिहान एक समारोहका बीच अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गरिएको हो।

बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कृष्णहरि शर्माको उपस्थितिमा भएको कार्यक्रममा अमर प्रहरीका परिवारलाई सम्मान गरिएको थियो। अमर प्रहरी स्मारकमा माल्यार्पण गर्दै श्रद्धाञ्जली अर्पण गरिएको थियो। नेपालमा प्रहरी सेवाको इतिहासमा हालसम्म १ हजार ७ सय ७८ जना प्रहरी सहीद भएका छन्। बागमती प्रदेशमा १ सय ९९ जना प्रहरी सहीद हुँदा पछिल्लो एक वर्षमा एक जना प्रहरी सहीद भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। प्रहरी दिवसको अवसरमा बुधबार बिहान रक्तदान कार्यक्रमको आयोजना गरिएको छ।

## बकैयाको महेन्द्र माविमा पूर्वविद्यार्थी भेला, छविको संयोजकत्वमा समिति गठन

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिका-४, छतिवनस्थित महेन्द्र माध्यमिक विद्यालय (प्रविधिक शिक्षलय) ले प्रथम पूर्वविद्यार्थी भेला भएको छ। असोज २३ गते बुधबार विद्यालयमै भएको भेलामा २०५३ सालदेखि २०७५ सालसम्मका पूर्व विद्यार्थीको सहभागिता रहेको थियो। भेलाले छवि कुमार राईको संयोजकत्वमा पूर्वविद्यार्थीको तदर्थ समिति गठन गरिएको विद्यालयका सहायक प्रधानाध्यापक उद्धव सापकोटाले जानकारी दिनुभयो।

भेलाबाट समिति निर्माण गरी स्वदेश तथा विदेशमा बसोबास गर्ने सम्पूर्ण विद्यार्थीहरुद्वारा विद्यालयको आर्थिक, भौतिक र शैक्षिक सुधारका लागि कसरी पहल गर्ने भन्ने विषयमा छलफल भएको छ। भेलामा ५० जना विद्यार्थीको उपस्थिति रहेको थियो। विद्याययको सुधारका निम्ति कसरी औपचारिक रुपमा सहयोग गर्न सकिन्छ भन्ने भेलाको उद्देश्य रहेको थियो। तदर्थ समितिको सचिवमा हरिप्रसाद दहाल चयन हुनुभएको छ। यस्तै सदस्यमा सुवास खनाल, चिरन्जीवि लामिछाने, रेनुका फुयाल, रविन्द्र चौलागाई, विश्वनाथ सञ्जेल, विमल नेपाल, रामचन्द्र खडका, कृष्ण पुडासैनी र रन्जु चौलागाई चयन हुनु भएको छ।

तदर्थ समिति निर्माणपछि आउँदो माघ १७ गते पूर्वविद्यार्थीको वृहत भेला गरिने सहायक प्रधानाध्यापक सापकोटाले बताउनुभयो। कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम गौतमको सभाध्यक्षता, विद्यालयका प्रधानाध्यापक देवकी सिग्देल, कार्यबाहक वडा अध्यक्ष विजय भोलोन, विद्यालयका शिक्षक तथा अभिभावकको उपस्थिति रहेको थियो। कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा ६ सय ५० जना विद्यार्थी अध्ययनरत छन्।

## श्रमिक माविमा पूर्वविद्यार्थी भेला

# श्रेष्ठको नेतृत्वमा समितिलाई पूर्णता

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, करास्थित श्रमिक माध्यमिक विद्यालयका पूर्वविद्यार्थीको भेला असोज २४ गते बिहिबार सम्पन्न भएको छ । तदर्थ समितिका संयोजक सुरेश श्रेष्ठको अध्यक्षतामा भएको भेलाले श्रेष्ठकै अध्यक्षतामा ९ सदस्यीय समितिलाई पूर्णता दिएको छ । यसअघि गत पुस महिनामा भएको पूर्वविद्यार्थीको भेलाले श्रेष्ठको संयोजकत्वमा पूर्वविद्यार्थी समाज गठन गरेको थियो । बिहिबारको भेलाले पूर्वविद्यार्थी समाजको विधान समेत अनुमोदन गरेको छ ।

पूर्वविद्यार्थी समाजको विधानमा समितिको कार्यकाल एक वर्षको हुने, उपाध्यक्ष अर्को कार्यकालका स्वतः अध्यक्ष हुने, सदस्यताका लागि कुनै किसिमको शुल्क नलाग्ने जस्ता व्यवस्था गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभएको छ । यस्तै पूर्वविद्यार्थीको परिभाषामा एक शैक्षिक सत्र पूरा गरेका सबै विद्यार्थी पूर्वविद्यार्थीको रुपमा एकीकृत गरिने अध्यक्ष श्रेष्ठले बताउनुभएको छ । पछिल्ला समय विद्यालयको भौतिक र शैक्षिक दुबै पक्षमा उल्लेखनीय प्रगति भइरहेको र पूर्वविद्यार्थीले त्यसलाई अझ सहयोग पुग्ने काम गर्ने अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

पूर्वविद्यार्थीको भेलामा सहभागीले विद्यालयको समग्र विकासमा आफूहरुले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । पूर्वविद्यार्थी भेलालाई सम्बोधन गर्नुहुँदै विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले विद्यालयको अवस्थाका बारेमा जानकारी दिनुभएको छ। सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास जित्ने प्रयास भइरहेको उल्लेख गर्नुहुँदै प्रधानाध्यापक दाहालले भन्नुभयो, “हामीले विद्यालयको भौतिक र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सक्दो सहयोग गरेका छौं । पूर्वविद्यार्थीले विद्यालयको अवस्थालाई बुझेर राम्रा कुराको प्रचार गरिदिन र सुधार गर्नुपर्ने पक्षमा सुझाव दिनुहुन अनुरोध गर्दछु ।”

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीले आफू पनि पूर्वविद्यार्थी नै भएको र विद्यालयको सुधारका लागि सक्दो प्रयास गरिरहेको बताउनुभयो । विद्यालयको भौतिक विकासमा सक्दो प्रयास गरिरहेको, शिक्षक, कर्मचारीले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सक्दो प्रयास गरिरहुनभएको र सकारात्मक नतीजा पनि देखिँदै आएको अध्यक्ष कार्कीको भनाइ छ। पूर्वविद्यालयको साथ र सहयोग रहँदै आएको र सबै पूर्वविद्यार्थीलाई समावेश गराउँदै अगाडि बढ्न विद्यालयकै पहलमा पूर्वविद्यार्थी समाज गठन भएको उहाँले जानकारी दिनुभयो। पूर्वविद्यार्थीहरुले आगामी दिनमा विद्यालयको शैक्षिक सुधारका लागि सक्दो प्रयास गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

## मानन्धर होटलमा मृत भेटिए

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित एक होटलमा एक जना पाहुना मृत भेटिएका छन् । हेटौँडा-२ स्थित पल्पसा प्याराडाइज होटलमा असोज २७ गतेदेखि बस्दै आएका काठमाडौं महानगरपालिका-७, चावहिलका ४७ वर्षीय अजय मानन्धर मृत भेटिएका हुन् । फोन गर्दा मानन्धरले मोवाइल नउठाएपछि शुक्रबार दिउँसो ४ बजेको समयमा ढोका खोली हेर्दा मृत भेटिएको प्रहरीले जनाएको छ। प्रहरीले मानन्धरको शव हेटौँडा अस्पतालमा राखेको छ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

दिगो विकासका लागी एकता नेपाल
(USD Nepal)
हेटौंडा-११, मकवानपुर

कर्मचारी आवश्यकता

(प्रथमपटक सुचना प्रकाशित मिति : २०८१ कार्तिक ३)

यस संस्थाले मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिकामा सन्चालन गर्दै आएको कार्यक्रमका लागि तपशिलको पदमा कर्मचारी पदपुर्ती गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट निवेदन आह्वान गरिन्छ ।

पद : निर्माण सुपरिवेक्षक ।
योग्यता : सिभिल इन्जिनियरिङ्ग उत्तीर्ण गरी सम्बन्धित निकायबाट लाइसेन्स प्राप्त तथा सवारीचालक अनुमतिपत्र (मोटरसाइकल) प्राप्त गरी ग्रामीण क्षेत्रमा चलाउन जान्ने ।
अनुभवः सम्बन्धित काममा कम्तिमा १ वर्षको अनुभव भएको ।
उमेर : २२ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
परीक्षाको किसिम : अन्तर्वार्ता ।
निवेदन पेश गर्ने इमेल ठेगाना : usdnepal@ymail.com
निवेदन दिने अन्तिम मिति : २०८१ कार्तिक १२ गते अपरान्ह ५ :00 बजेसम्म ।
**नोट**:- सर्टलिस्टमा परेका उम्मेदवारहरूलाई मात्र अन्तर्वार्ताका लागि बोलाइनेछ ।

विद्यालय बस खरिदका लागि सूचिकृत हुने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०७/०४)

प्रस्तुत विषयमा यस श्री नवज्योति माध्यमिक विद्यालय, हेटौंडा-७, नागस्वती, मकवानपुरका लागि बागमती प्रदेश सरकारबाट आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय हेटौंडा, मकवानपुर र यस विद्यालय बीच भएको सम्झौता र स्पेसिफिकेशन अनुसारका शर्तहरु पालना गर्ने गरी क्याटलक सपिङ विधिबाट बस खरिद गर्नुपर्ने भएकाले विद्यालय बस उपलब्ध गराउन सक्ने अधिकृत बिक्रेता वा उत्पादकहरुबाट मिति २०८१/०८/०३ गते भित्र तपसिल बमोजिमका कागजातहरुसहित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सूचिकृत गर्न/गराउनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**:
१) विद्यालयमा सूचिकृत हुने व्यहोराको निवेदन ।
२) आफ्नो संस्था, फर्म तथा व्यवसायको दर्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
३) VAT र PAN Number दर्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
४) आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
५) रितपूर्वक नआएका निवेदन उपर कुनै कारबाही हुने छैन ।
६) यस सम्बन्धी सम्पूर्ण अधिकार विद्यालय व्यवस्थापन समितिमा रहनेछ ।

**थप जानकारीका लागि सम्पर्क नं. ९८५५०७६६७६, ९८४९८६४६९०**

**प्रधानाध्यापक**
**श्री नवज्योति माध्यमिक विद्यालय**
**हेटौंडा-७, मकवानपुर**

# संघीय राजधानीको मोहमा बागमती सरकार

समाज संवाददाता

हेटौंडाः प्रदेश राजधानी छाडेर बागमती सरकारले विभिन्न कार्यालयहरुको सम्पर्क शाखा काठमाडौंमा खडा गरिरहेको छ। संघीयताको मर्म विपरित प्रदेश सरकार अन्तर्गतका मन्त्रालयका कार्यालयहरु काठमाडौंमा खडा गरिएको हो।



बागमती प्रदेशको राजधानी हेटौंडा हो। तर, प्रदेशको लोकसेवा आयोगदेखि सुशासन केन्द्र, सहकारीका कार्यालय लगायतको कार्यालय काठमाडौंमा खडा गरिएको छ। संघीयता कार्यान्वयन पश्चात देशका ७ वटै प्रदेशले आ–आफ्नो मुकाम पाएका छन्। उक्त मुकाममा मन्त्रालयहरु खडा गरेर कामकाज गरिरहेका छन्। उक्त मन्त्रालयहरुका कार्यालयहरु भने दोहोरो संरचनाको रुपमा काठमाडौंमा सम्पर्क कार्यालय स्थापना गरिएको छन्।

प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश लोकसेवा आयोग लगायतले सम्पर्क कार्यालयहरु काठमाडौं पुऱ्याएका छन्। संघीयतालाई बलियो बनाउने भूमिकामा रहेको प्रदेश सरकारका मन्त्रालयहरु नै सम्पर्क कार्यालय केन्द्रीय राजधानीमा राख्न उद्दत देखिएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गतको प्रदेश सुशासन केन्द्र स्थापनादेखि नै काठमाडौंमा रहेको छ। सुशासन केन्द्रले ललितपुरको जावलाखेलस्थित तत्कालिन महिला विकास प्रशिक्षण केन्द्रको भवनमा रहेर काम गरिरहेको छ। प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको प्रशासनिक एवम् व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने उद्देश्यले सुशासन केन्द्र गठन गरिएको हो। प्रदेश सरकारको शासकीय प्रणाली, कर्मचारीहरुको क्षमता विकास, संस्थागत विकास, अध्ययन तथा अनुसन्धान तथा परामर्श सेवा प्रदान गर्ने काम गर्दै आएको छ। प्रदेश सरकार तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजीएसपी) बाट प्राप्त प्राविधिक तथा वित्तीय सहयोगमा केन्द्रका कार्यक्रमहरु सञ्चालन भइरहेका छन्। २ तले भवनमा रहेको उक्त कार्यालयले हाल विद्युत र पानीको महसुल मात्र भुक्तानी गर्दै आएको छ। सुशासन केन्द्रको सभाहल भने हेटौंडास्थित उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको भवनको हलमा खडा गरिएको छ।

प्रदेश सुशासन केन्द्रको कार्यालय काठमाडौंमा रहँदा कर्मचारीहरुको क्षमता विकास, संस्थागत विकास, शासकीय सुधारका पक्षहरु, अध्ययन अनुसन्धान र परामर्श सेवा लगायतका कामहरु उपलब्धीमुलक रुपमा हुन नसकेको केही समयअघि हेटौंडामा भएको प्रदेश विकास समस्या समाधान समितिको बैठकमा समेत प्रस्तुत भएको थियो।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय अन्तर्गतको संचार रजिष्ट्रार कार्यालयको सम्पर्क कार्यालय पनि काठमाडौंमा नै रहेको छ। संघीयताको वकालतमा दरिलो भूमिका खेल्नु पर्ने सो कार्यालय नै प्रदेश मुकाम छोडेर दोहोरो रुपमा सम्पर्क कार्यालय काठमाडौंमा खडा गरेको हो। हेटौंडामा भाडाको घरमा कार्यालय संचालन गर्दै आएको सो कार्यालयले ठुलो संख्यामा रहेका काठमाडौं र उत्तर तथा पूर्वी क्षेत्रका संचार माध्यमलाई समेट्ने गरी काठमाडौं राखिएको संचार रजिष्ट्रार रवती सापकोटा बताउनुहुन्छ। काठमाडौंमा सम्पर्क कार्यालय स्थापना गरे पश्चात अधिकांश कर्मचारीहरु हेटौंडा देखा नै पर्दैनन्। प्रदेश सुशासन केन्द्र रहेको भवन परिसरमा टहरो मर्मत गरेर काम गर्दै आएको छ। हेटौंडामा मुख्य कार्यालय भनिएपनि कर्मचारीहरु काठमाडौंमा नै राखेर रजिष्ट्रार सापकोटाले काम गर्दै आउनुभएको छ।

सामाजिक विकास मन्त्रालय अन्तर्गतको युवा वैज्ञानिक प्रोत्साहन कोषको सम्पर्क कार्यालय समेत काठमाडौंमा राखिएको छ। हेटौंडास्थित मन्त्रालयमा कोषको कार्यक्रमहरु संचालन गर्नेगरी शाखा राखिको छ भने विभिन्न विज्ञहरुसँगको छलफल र बैठकका लागि काठमाडौंमा सम्पर्क कार्यालय राखिएको मन्त्रालयका सचिव बद्रीनाथ गैरेले जानकारी दिनुभएको छ। तत्कालिन समयका कोष संचालक समितिका सदस्य रहेका गिरीराज त्रिपाठीको समयका सो सम्पर्क कार्यालय खोलिएको हो। उक्त कार्यालयमा आवश्यकताका आधारमा केही बैठकहरु गरिने र केही कागजातहरु रहेको सचिव गैरेले बताउनुभएको छ। सुशासन केन्द्र रहेको भवनको एक कोठामा विज्ञहरुको छलफल र बैठकहरु हुने गरेको उहाँले जानकारी दिनुभयो। सम्पर्क कार्यालय भनिएपनि कार्मचारी, सेवा प्रवाहका सामग्री नराखिएको उहाँको भनाई छ।

यता प्रदेश लोकसेवा आयोगले पनि सम्पर्क कार्यालय काठमाडौंमा राखेको छ। परीक्षाको प्रश्नपत्र निर्माण, विज्ञ सहायता, अन्तरवार्ता लगायतका काममा हेटौंडा रहेर काम गर्न समस्या भएपछि आयोगले काठमाडौंमा सम्पर्क कार्यालय स्थापना गरेको जनाएको छ। प्रदेश सुशासन केन्द्रको भवनमा आयोगले २ वटा कोठामा सम्पर्क कार्यालय चलाइरहेको छ। आयोगका अधिकृत गणेशलाल महर्जनका अनुसार हेटौंडामा प्रश्नपत्र निर्माण, अन्तरवार्ता संचालन र विज्ञ ल्याउन कठिन भएको तथा हेटौंडामा रहेका विज्ञहरुले पर्याप्त काम हुन नसकेपछि काठमाडौंबाट काम गर्न सम्पर्क कार्यालय खोलिएको हो। स्थायी रुपमा नै कार्यालय खोल्ने तयारी अनुसार आयोगले प्रस्ताव अघि बढाएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सहमति नदिदा अस्थायी रुपमा काम गरिरहेको उहाँले बताउनुभयो। आयोगले आवश्यकताको आधारमा हेटौंडाबाट कर्मचारी काठमाडौं पठाएर काम गरिरहेको उहाँको भनाई छ।

उता ६ वटा योजनामा काम गरिरहेको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको ग्रामिण सडक सुधार आयोजना भक्तपुर पुऱ्याइएको छ। हेटौंडामा कार्यालय रहेर काम गरिरहेको उक्त आयोजनालाई गत वैशाखको मन्त्रिपरिषद्को निर्णय अनुसार काठमाडौं सारिएको हो। मन्त्रालयका सचिव अमृत श्रेष्ठका अनुसार मकवानपुरमा सो आयोजना अन्तर्गत एउटा मात्र योजना संचालनमा रहेको र अन्य ५ आयोजना सिन्धुपाल्चोक, दोलखा लगायतका जिल्लामा संचालन भइरहेकाले कार्यालय भक्तपुर सारिएको हो। भक्तपुरमा भौतिक पूर्वाधार विकास मन्त्रालयको कुनैपनि संरचना नरहेको र मकवानपुरमा ५ वटा रहेकाले मन्त्रिपरिषद्को निर्णय अनुसार सारिएको उहाँले जानकारी दिनुभयो। भक्तपुरको लोकन्थलीमा घर भाडामा लिएर मासिक १ लाख रुपैयाँ भाडा तिर्दै आएको उक्त कार्यालयका कार्यक्रमलाई एशियाली विकास बैंक (एडिबी) ले लगानी गरेको छ। १२ जना प्रदेश सरकारको र ३२ जना एडिबीको कर्मचारी रहने उक्त कार्यालयमा हाल ८ जना कर्मचारी कार्यरत रहेका छन्।

## सहकारीका कार्यालय काठमाडौं पुऱ्याउँदै सरकार

प्रदेश सरकारले सहकारी नियमन तथा अनुगमन प्रभावकारी बनाउने भन्दै सहकारीसँग सम्बन्धित सबै कार्यालयहरु काठमाडौं पुऱ्याउने तयारीमा रहेको छ। गत असारमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय काठमाडौंमा खालेको प्रदेश सरकारले सहकारी रजिष्ट्रारको कार्यालय पनि काठमाडौं पुऱ्याउने तयारी गरिरहेको छ।

प्रदेश सरकारले मन्त्रालयमा सहकारी महाशाखा राख्ने र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयसँगै रजिष्ट्रारको कार्यालय पनि राख्ने गरी निर्णय गरिसकेको छ। संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको रजिष्ट्रार कार्यालय हेटौंडाबाट सार्ने गरी गत पुसमा मन्त्रिपरिषद्बाट निर्णय भइसेकको छ भने सोही अवधिमा काठमाडौंमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय खोल्ने निर्णय गरेको थियो। यद्यपी रजिष्ट्रारको कार्यालय भने काठमाडौं पुऱ्याइएको छैन।

काठमाडौंको अनामनगरमा ३ वटा फ्ल्याट भाडामा लिएर काम गर्दै आएको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले मासिक १ लाख ८९ हजार रुपैयाँ भाडा वापत खर्च गर्ने गरेको छ। सहकारी रजिष्ट्रार राजन पोखरेलका अनुसार कार्यालयमा ३ सदस्य पदाधिकारी र १४ जनाको दरबन्दीका कर्मचारीले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले काम अघि बढाएको छ।

संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गत पर्यटन विकास आयोजनाको इकाई कार्यालय समेत काठमाडौंमा राखिएको छ। दोहोरो संरचनाको रुपमा आयोजनाको कार्यालय खडा गरिएको हो। प्रदेश सरकारको अस्थायी संरचनाको रुपमा रहेको हेटौंडामा रहेको आयोजना कै कार्यक्रम कार्यान्वयन गर्नेगरी काठमाडौंमा इकाई कार्यालय खोलिएको हो। आयोजना इकाई कार्यालयका प्रमुख उत्तम चापागाईका अनुसार हेटौंडाबाट प्रदेशका उत्तर र पूर्वी क्षेत्रका जिल्लाको काम गर्न कठिन हुने भएपनि इकाई कार्यालय काठमाडौं राखिएको हो। इकाई कार्यालयले काठमाडौं उपत्यकासहित नुवाकोट रसुवा, दोलखा, सिन्धुपाल्चोक, काभ्रे लगायतका जिल्लामा काम गर्दै आएको छ। मासिक १ लाख १९ हजार रुपैयाँ भाडा तिर्दै आएको उक्त कार्यालयमा ४० जना कर्मचारी छन्। कार्यालय भवन साँघुरो हुँदा कर्मचारीहरु बस्न नै समस्या हुने गरेको र कार्यालय समयमा पहिला आउने कर्मचारी मात्र बस्न पाउने प्रमुख चापागाईले बताउनुभयो।

# ३५ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः कमाने फुटबल एकेडेमीको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन्। शनिबार हेटौंडा–८ मा रहेको एकेडेमीले रक्तसंचार केन्द्रमा रगत अभाव भएका कारण कार्यक्रमको आयोजना गरेको रक्तसंचार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो।

कार्यक्रममा २ जना महिला र ३३ जना पुरुषले रक्तदात गरेका छन्। कार्तिक ८ गते बिहीबार हेटौंडा जेसीजको आयोजनामा तथा १० गते शनिबार नेपाल स्वयंसेवी रक्तदाता समाजको आयोजनामा वडा नम्बर १३ मा रक्तदान कार्यक्रम हुँदैछ। केन्द्रमा केही समय अगाडि रगतको अभाव भए पनि अहिले मागअनुसार वितरणमा सहज भएको प्राविधिक सापकोटाले बताउनुभएको छ।

# दुई तल्लामाथिबाट खसेर शिशुको मृत्यु

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लाको शैलुङ्ग गाउँपालिका–३, थामचौरमा १५ महिनाको शिशुको दुई तल्ला घरबाट खसेर मृत्यु भएको छ। शुक्रबार साँझ ५ बजेको समयमा नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिका–२ घर भई थामचौरस्थित मामाघरमा गएका सन्तोष तामाङको १५ महिनाको छोरा खेल्ने क्रममा २ तल्ला माथिबाट खसेर घाईते भएका थिए।

स्थानीय टोकरपुर स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी घरमै पुगेर प्राथमिक उपचारपछि शिशुलाई थप उपचारका लागि मन्थली लगिएको थियो। उपचारको क्रममा शिशुको शुक्रबार राती ८ बजेर ४५ मिनेटको समयमा मन्थलीस्थित तामाकोशी अस्पतालमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ।

# मुस्लिम संघको प्रशिक्षण सम्पन्न

समाज संवाददाता

हेटौंडाः नेपाल मुस्लिम संघको भेला एवम् प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। भेलामा चितवन र मकवानपुरका तीनसय बढी मुस्लिम समुदायका राजनीतिक अगुवाहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् नेपाली मुस्लिम संघका पूर्व अध्यक्ष अब्दुल सतारको प्रमुख आतिथ्य रहेको थियो। उहाँले कांग्रेसको चार तारे झण्डा मुनि मुस्लिम समुदायले फुल्ने, फल्ने र झाँगिने अवसर पाउने बताउनुभयो। नेपालमा विगतदेखि नै कांग्रेस मात्रै एउटा समावेशी चरित्रको पार्टी भएकाले मुस्लिम समुदायले कांग्रेस मार्फत नै आफ्ना एजेन्डाहरुलाई स्थापित गर्न सक्ने उहाँको दावी थियो। केन्द्रीय सदस्य सतारले मुस्लिम समुदायका मानिसहरु पनि अबदेखि राजनीतिक रुपमा प्रशिक्षित हुनुपर्नेमा जोड दिनुभयो।

मुस्लिम संघ मकवानपुरका अध्यक्ष खलिल मियाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली मुस्लिम संघका केन्द्रीय अध्यक्ष डा. अताबुल मन्सुर, उपाध्यक्ष मोहम्मद सहबुद्धिन, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, पूर्व पार्टी सभापति रघुरमण न्यौपानेको पनि उपस्थिति रहेको थियो।




### यु–१९ क्रिकेट टिम छनोट प्रतियोगिता

# ललितपुरले चितवनलाई हरायो



ललितपुर जिल्लाको यु–१९ क्रिकेट टिम।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय यु–१९ टिम छनोट क्रिकेट प्रतियोगितामा ललितपुर विजयी भएको छ। शनिबार हेटौंडा–४, हुप्चौरमा भएको खेलमा चितवन जिल्लालाई ललितपुरले ७२ रनले पराजित गरेको हो।

टस जितेर पहिले ब्याटिङ गरेको ललितपुरले ३८ ओभर १ बलमा सबै विकेटको क्षतिमा १ सय २७ रन जोडेको थियो। ललितपुरका हिमाल बोहोराले सर्वाधिक ३२ रन बनाएका थिए। सुदीप चलाउनेले १९ रन बनाएका थिए। जोय थापा मगरले १३ रनको योगदान दिए। चितवनका रोहन झाले २ विकेट लिए। १ सय २८ रनको लक्ष्य पछ्याएको चितवनले २९ ओभर १ बलमा ५५ रन बनाएर सबै विकेट गुमाउन पुगेको थियो। चितवनका कुनै पनि खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन्। चितवनका लागि प्रिन्स पटेल र निकेश गुरुङले समान ९/९ रन जोडेका थिए।

बलिङतर्फ ललितपुरका राजेश बोहोराले सर्वाधिक ४ विकेट लिए। यस्तै संगम सेढाइले ३ विकेट लिए। म्यान अफ द म्याच ललितपुरका राजेश बोहोरा घोषित भए। उनलाई बागमती प्रदेश क्रिकेट संघका सदस्य सुजन महर्जनले ट्रफी हस्तान्तरण गर्नुभयो।

प्रतियोगिता अन्तर्गत आइतबार हेटौंडामा हुने अन्तिम छनोट खेलमा मकवानपुर र ललितपुरबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा मकवानपुरसहित काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट र चितवन गरी ६ जिल्लाको सहभागिता रहेको छ।

# मकवानपुरका फुटबल क्लबहरुको वर्गीकरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको जिल्लाका फुटबल क्लबहरुको वर्गीकरण गरिएको छ। मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा भएको मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताको फाइनल खेल गत असोज महिनाको १२ गते सम्पन्न भएसँगै मकवानपुर जिल्लाका क्लबहरुको वर्गीकरण गरिएको हो।

संघको आयोजनामा २८ वटा क्लबहरुको सहभागितामा करिब ३ वर्षपछि जिल्ला लिग फुटबल प्रतियोगिता सञ्चालन भएको थियो। जिल्ला लिग फुटबल प्रतियोगितामा सहभागी भएका समूह 'क'बाट एफसी पोताला, सक्षम युवा क्लब र परेली युवा क्लब मकवानपुरको 'ए' डिभिजनमा परेको जिल्ला फुटबल संघका महासचिव छबी सुवेदीले जानकारी दिनुभएको छ। समूह 'क'बाटै एफसी इन्टरनेट र आरआर वाइसी 'बी' डिभिजनमा परेको महासचिव सुवेदीले बताउनुभयो। उहाँका अनुसार समूह 'क'कै एफसी विजय युथ र हेटौंडा भेट्रान्स क्लब एन्फा मकवानपुरको 'सी' डिभिजनमा परेका छन्।

समूह 'ख'बाट गोर्खा ब्वाइज क्लब, न्यू डाँफे युथ क्लब र रियल स्टार क्लब 'ए' डिभिजनमा रहेको उहाँले बताउनुभएको छ। समूह 'ख'बाटै पिप्ले युवा क्लब र एफसी इन्टरनेट सिटी 'बी' डिभिजनमा पर्न सफल भएका छन्। हेटौडा फुटबल एकेडेमी र महाबीर क्लब 'सी' डिभिजनमा परेको महासचिव सुवेदीले बताउनुभयो।

समूह 'ग'बाट पदमपोखरी युथ क्लब, न्यू कम्बाइन क्लब र एफसी मल्टिभिजन क्लब एन्फा मकवानपुरको 'ए' डिभिजनमा परेका छन्। एफसी नामटार र हटिया स्पोर्ट्स 'बी' डिभिजनमा पर्दा ७ नम्बर फुटबल क्लब र सानोपोखरा 'सी' डिभिजनमा परेका छन्।

समूह 'घ'बाट सहिद स्मृति क्लब, हाँडीखोला क्लब र प्रतिभा युवा क्लब 'ए' डिभिजनमा रहेका छन्। प्रगतिशील युवा क्लब र युनाइटेड नाइन 'बी' डिभिजनमा परेका छन् भने एफसी चाइना क्वाटर र पशुपति क्लब एन्फा मकवानपुरको 'सी' डिभिजनमा परेका छन्।

वरियतामा छुटिएका क्लबले ए डिभिजिन लिग, बी डिभिजन लिग र सी डिभिजन लिगको प्रतियोगितामा सहभागी हुने महासचिव सुवेदीले बताउनुभयो। मकवानपुर जिल्ला लिग क्वालिफाइ नकआउट फुटबल प्रतियोगिताबाट आएका दुई टिमसहित दश टिमले 'सी' डिभिजन लिग फुटबल प्रतियोगितामा सहभागी जनाउन पाउनेछन्। गत वर्ष भएको जिल्ला लिग क्वालिफाइ नकआउट फुटबल प्रतियोगितामा पञ्चशील युवा क्लबलाई हराउँदै बकैया युथ क्लबले उपाधि जितेको उहाँले जानकारी दिनुभयो। उपाधि विजेता र उपविजेता दुवै टिम एन्फा मकवानपुरको 'सी' डिभिजनमा परेको उहाँले बताउनुभयो। मकवानपुर फुटबल संघले विसं कोभिड महामारीपछि यस वर्षबाट प्रतियोगितालाई निरन्तरता दिएको हो।

# दुई तलामाथिबाट हामफालेकी शितलको मृत्यु

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको बिदुर नगरपालिका–४, फेदीगाउँमा दुई तलामाथिबाट हामफालेकी एक महिलाको मृत्यु भएको छ। रामेछाप जिल्ला घर भई हाल नुवाकोट जिल्लाको बिदुर नगर पालिका–४ फेदीगाउँमा डेरा गरी बस्ने ३२ वर्षीया शितल मगरको दुई तलामाथिबाट हामफालेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

बिहिबार शितल र उनका श्रीमान् ३८ वर्षीय आकाश मगरबीच झगडा भएको प्रहरीले जनाएको छ। विवादपछि शितल हामफालेकी हुन्। प्रहरीले आकाशलाई नियन्त्रणमा लिएको छ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा–४, अजरअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ